बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

# प्रेस विज्ञप्ति

## "कोरोना बीमा मापदण्ड, २०७७" सम्बन्धमा

बीमा समितिको पहलमा नेपालमा स्थापित निर्जीवन बीमा कम्पनीहरु र नेपाल पूनर्बीमा कम्पनी बीच एक आपसमा बीमा पुल खडा गरी मिति २०७७ साल बैशाख ७ गते देखि कोरोना बीमालेख जारी गरिएको व्यहोरा सबैमा विदितै छ। कोरोना बीमालेख जारी गर्ने समयमा कोरोना संक्रमणको उपचार खर्च नेपाल सरकारले व्यहोर्ने र कोरोना परीक्षण Polymerase Chain Reaction Test (PCR Test) पनि नेपाल सरकारले नै गर्ने व्यवस्था रहेको हुँदा समितिबाट बीमालेख स्वीकृत गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका निकायहरुबाट Polymerase Chain Reaction Test (PCR Test) हुन्छ भन्ने मान्यतामा स्वीकृत गरिएको व्यहोरा सबैमा अनुरोध छ। नेपाल सरकारको चालु आर्थिक बर्ष २०७७/०७८ को बजेट बक्तव्यमा कोरोना बीमामा ५० प्रतिशत अनुदान दिने र राष्ट्रसेवक कर्मचारीहरुको नि:शुल्क कोरोना बीमा गर्ने निर्णय भए अनुसार नेपाल सरकारको राजस्व समेत प्रयोग हुने भएकोले स्पष्ट मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिए बमोजिम "कोरोना बीमा मापदण्ड, २०७७" जारी गरिएको छ।

यसै सन्दर्भमा बीमा समितिले नेपाल सरकार अर्थ मन्त्रालयको सहमतिमा "कोरोना बीमा मापदण्ड, २०७७" लागु गरेको छ। उक्त मापदण्डको परिच्छेद -३ को दफा ११ मा बीमा दाबीको लागि नेपाल सरकार स्वस्थ्य मन्त्रालय अन्तर्गतका निकायहरुबाट Polymerase Chain Reaction Test (PCR Test) गर्दा संक्रमण (Positive) प्रमाणित भएमा दाबीयोग्य हुने व्यवस्था गरिएको व्यहोरा सबैमा अनुरोध छ। बीमा समितिले कोरोना बीमा मापदण्ड जारी गर्दा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट निजी क्षेत्रका प्रयोगशालाहरुबाट Polymerase Chain Reaction Test (PCR Test) परीक्षणको अनुमति प्रदान नभएको स्थितिमा नेपाल सरकार स्वास्थ मन्त्रालय अन्तर्गतका निकायहरूबाट मात्र Polymerase Chain Reaction Test (PCR Test) हुन्छ भन्ने मान्यताका आधारमा कोरोना मापदण्ड जारी गरिएको व्यहोरा बीमित वर्ग र अन्य सरोकारवाला पक्षहरूमा पुनः अपिल गर्न चाहन्छौं।

हाल नेपाल सरकार स्वास्थ मन्त्रालयबाट निजी प्रयोगशालाहरूमा पनि कोरोना रोग संक्रमण परीक्षण Polymerase Chain Reaction Test (PCR Test) गर्न अनुमति प्रदान भएको र "कोरोना बीमा मापदण्ड, २०७७" मा नेपाल सरकार स्वास्थ मन्त्रालय अन्तर्गतका निकायबाट Polymerase Chain Reaction Test (PCR Test) गरेको प्रमाण पेश गरेपछि मात्र दाबी भुक्तानी योग्य हुने भएको हुँदा थप स्पष्ट हुन आवश्यक देखिएकोले बीमा समिति र बीमा कम्पनीको गम्भीर ध्यानाकर्षण भएको व्यहोरा जानकारी गराउदछौं।

उपरोक्त स्थितिमा विद्यमान दाबी भुक्तानी प्रक्रिया सरल बनाउन निम्नानुसारको निर्णय गरिएको सोही अनुसार गर्नु गराउनु हुन बीमित वर्ग र सम्वन्धित सबै सरोकारवाला पक्षहरूमा अपिल गर्दछौं।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np

१. आज मिति २०७७ साल भदौ २१ गते आइतबार सम्ममा बीमा कम्पनीहरूमा प्राप्त भएका सबै दाबीहरू मध्ये नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायहरूबाट Polymerase Chain Reaction Test (PCR Test) परीक्षण प्राप्त भएका दाबीहरूलाई समितिबाट जारी गरिएको "कोरोना बीमा मापदण्ड, २०७७" बमोजिम सात (७) दिन भित्र भुक्तानी दिने व्यवस्था गर्ने।

२. आज मिति २०७७ साल भदौ २१ गते आइतबार सम्म नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका निकाय भन्दा बाहेकका प्रयोगशालाहरुबाट प्राप्त दाबीहरुको विस्तृत छानविन गर्न कोरोना बीमा मापदण्ड, २०७७ को दफा १६ बमोजिम समितिका कार्यकारी निर्देशकको संयोजकत्वमा नेपाल सरकार अर्थ मन्त्रालय र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिनिधि रहेको अनुदान व्यवस्थापन समितिले छानवीन गरी उक्त समितिको सुझावको आधारमा बीमा दाबी भुक्तानी सम्बन्धी निर्णय गर्ने।

३. हाल नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अनुमति प्राप्त गरेका निजी प्रयोगशालाहरुलाई पनि कोरोना परीक्षण Polymerase Chain Reaction Test (PCR Test) गर्न अनुमति प्रदान गरेको अवस्थामा के कस्तो अण्डरराइटिङ्ग प्रकृया अवलम्बन गरी मापदण्ड संशोधन गर्न सकिन्छ भन्ने बारेमा बीमा समितिका कार्यकारी निर्देशकको संयोजकत्वमा नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सरोकारवाला पक्ष समेतको संलग्नतामा सुझाव समिति गठन गर्ने। उक्त समितिले दिएको सुझावको आधारमा "कोरोना बीमा मापदण्ड, २०७७" उपर संशोधन प्रकृया संचालन गर्ने।

४. हाल बीमा समितिबाट जारी गरिएको "कोरोना बीमा मापदण्ड, २०७७" संशोधन नहुन्जेलसम्मका लागि कोरोना बीमालेख खरिद गरेका बीमितहरुलाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका निकायहरुमा Polymerase Chain Reaction Test (PCR Test) गर्न अनुरोध गर्ने। साथै, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बीमितको Polymerase Chain Reaction Test (PCR Test) परीक्षणमा सहजता प्रदान गर्न समितिको तर्फबाट अनुरोध गर्ने।

**मितिः** २०७७।०५।२१

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक /प्रवक्ता

बीमा समिति-२०४९ Insurance Board-1992